# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौंरीदेउराली गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौंरीदेउराली गाउँपालिका

## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

चौंरीदेउराली गाउँपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मिति:२०८१।२।११

प.सं. २०८०।८१

च.नं. १२०

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

चौरीदेउराली गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

काभ्रेपलान्चोक ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ८८ लाख ५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ५ लाख ३२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६२ लाख ११ हजार, र पेश्की बाँकी रु.१ करोड १५ लाख ५४ हजार समेत रु.१ करोड ८२ लाख ७३ हजार रहेको छ ।यस गाउँपालिकाको गतवर्ष सम्म रु. १५ करोड ९२ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ७५ लाख ३१

हजार रहेको छ ।**यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

# चौरीदेउराली गाउँपालिका,
# काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५२ | १६५ | १८८०५ | ० | ५ | ५३२ | ५२ | १६० | १८२७३ | ५०७ | ० | ६२११ | ० | ० | ६२११ | ११५५४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलान्चोक | १६२४३३ | ० | ३१७५ | १५९२५८ | ० | १८२७३ | १७७५३१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ६० | प्रमाण कागजात पेश गरेको | ५१६१८५ |
| २ | २०७९।८० | ५९ | पेश्की फस्यौंट गरेको प्रमाण पेश गरेको | १५८४० |
| | चालु वर्षको जम्मा | | | ५३२०२५ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | २०७७।७८ | - | - | - |
| | २०७६।७७ | - | - | - |
| | ०७५।७६ | - | - | - |
| ३ | ०७४।७५ | १४ | प्रमाण कागजात पेश गरेको | ३१७५०८५ |
| | गत विगतको जम्मा | | | ३१७५०८५ |
| | कुल जम्मा | | | ३७०७११० |

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चौंरीदेउराली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ९९.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा १४०७६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षणको सीमा** - यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८०।०९।२३ देखी ०९।२५ सम्म ३ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा सम्बन्धित आन्तरिक लेखा परीक्षण, लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा गाउँपालिकाको व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत विषयहरूको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरूमा विशेष जोड दिइएको छ ।

**(ङ) लेखापरीक्षणको क्रममा असूली** - गाउँपालिकामा विगत वर्षहरू देखिनै लाभग्राहीको खातामा डम्पिङ भएर बसेको सामाजिक सुरक्षा रकम रू. ६६,३१,२८४ र कर्मचारीको पारीश्रमिक कर रू.५,४७० गरी जम्मा रू.६६,३६,७५४ असूल भइ संचित कोषमा दाखिला भएको प्रमाण पेश भएको छ ।

२ **एकिकृत आर्थिक विवरण** - गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| विवरण | यस वर्ष रू. | | | गतवर्ष रू. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६७,८८,३३,७००.१८ | ५२,६६,२३,९१८.३२ | ५२,६६,२३,९१८.३२ | ५४,७३,४२,४६३.२४ | ५४,७३,४२,४६३.२४ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | ६५,३८,५८,०९३.०० | ५०,०९,५६,३४४.५५ | ५०,०९,५६,३४४.५५ | ५२,९७,२२,२२५.९८ | ५२,९७,२२,२२५.९८ |
| ११००० कर | १०,६५,५५,०००.०० | ९,२९,३३,५४५.५३ | ९,२९,३३,५४५.५३ | ८,७८,६२,५४०.०९ | ८,७८,६२,५४०.०९ |
| १३००० अनुदान | ४५,३२,५७,०९३.०० | ४०,१३,०७,४९१.९८ | ४०,१३,०७,४९१.९८ | ४३,४०,०६,०००.०० | ४३,४०,०६,०००.०० |
| संघीय सरकार | ३८,५७,५४,०९३.०० | ३५,३१,७०,१०७.९० | ३५,३१,७०,१०७.९० | ३७,५२,१३,०००.०० | ३७,५२,१३,०००.०० |
| प्रदेश सरकार | ६,७५,०३,०००.०० | ४,८१,३७,३८४.०८ | ४,८१,३७,३८४.०८ | ५,८७,९३,०००.०० | ५,८७,९३,०००.०० |
| १४००० अन्य राजस्व | ३२,००,०००.०० | ६६,७५,६९२.०४ | ६६,७५,६९२.०४ | ४०,२१,८२२.२९ | ४०,२१,८२२.२९ |
| १५००० विविध प्राप्ति | १,५०,०००.०० | ३९,६१५.०० | ३९,६१५.०० | ३८,३१,८६३.६० | ३८,३१,८६३.६० |
| ३२००० वित्तीय सम्पत्ति | ९,०६,९६,०००.०० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | २,४९,७५,६०७.१८ | २,५६,६७,५७३.७७ | २,५६,६७,५७३.७७ | १,७६,२०,२३७.२६ | १,७६,२०,२३७.२६ |
| वितरण गर्न बाकी राजस्व | ० | ९,९३,१४७.०० | ९,९३,१४७.०० | ० | ० |
| कोषहरू | २,४९,७५,६०७.१८ | २,०७,३९,३९६.१० | २,०७,३९,३९६.१० | १,४९,६५,५७३.६६ | १,४९,६५,५७३.६६ |
| धरौटी | ० | ३९,३५,०३०.६७ | ३९,३५,०३०.६७ | २६,५४,६६३.६० | २६,५४,६६३.६० |
| भुक्तानी (ग+घ) | ६७,८८,३३,७००.१८ | ५३,३९,४२,५१०.३७ | ५३,३९,४२,५१०.३७ | ५३,९४,६०,९८४.७९ | ५३,९४,६०,९८४.७९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६५,३८,५८,०९३.०० | ५१,२८,५०,२७४.१९ | ५१,२८,५०,२७४.१९ | ५१,२५,२९,४६३.६७ | ५१,२५,२९,४६३.६७ |
| २१००० पारिश्रमिक / सुविधा | २०,१९,०१,०००.०० | १९,१०,३०,९८५.३३ | १९,१०,३०,९८५.३३ | २,७६,३३,३१७.१२ | २,७६,३३,३१७.१२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १५,५२,९१,०००.०० | ११,३१,७१,८५१.१२ | ११,३१,७१,८५१.१२ | ९,८६,५४,८५४.६० | ९,८६,५४,८५४.६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | ३,७६,४८,०००.०० | ३,५७,६०,८४२.०० | ३,५७,६०,८४२.०० | ४७,६३,२०४.०० | ४७,६३,२०४.०० |
| २६००० अनुदान | ० | ० | ० | १८,२२,०२,५१४.६० | १८,२२,०२,५१४.६० |
| २७००० सामाजिक सुरक्षा | १,४०,६४,०००.०० | ७४,८३,७११.०० | ७४,८३,७११.०० | १,१३,१७,७८६.०० | १,१३,१७,७८६.०० |
| २८००० अन्य खर्च | १,३०,७६,०००.०० | १,९४,६००.०० | १,९४,६००.०० | २,६०,१२,६८४.२२ | २,६०,१२,६८४.२२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २३,१८,७८,०९३.०० | १६,५२,०८,२८४.७४ | १६,५२,०८,२८४.७४ | १६,१९,४५,१०३.१३ | १६,१९,४५,१०३.१३ |
| घ. अन्य भूक्तानी | २,४९,७५,६०७.१८ | २,१०,९२,२३६.१८ | २,१०,९२,२३६.१८ | ५३,९४,६०,९८४.७९ | ५३,९४,६०,९८४.७९ |
| कोषहरू | २,४९,७५,६०७.१८ | १,५०,७०,५९७.१८ | १,५०,७०,५९७.१८ | २,४८,०८,११०.३२ | २,४८,०८,११०.३२ |
| धरौटी | ० | ६०,२१,६३९.०० | ६०,२१,६३९.०० | २१,२३,४१०.८० | २१,२३,४१०.८० |
| ङ. यो वर्षको बचत (न्युन) | | (७३,१८,५९२.०५) | (७३,१८,५९२.०५) | ७८,८१,४७८.४५ | ७८,८१,४७८.४५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १६,२३,४९,७१३.२५ | १६,२३,४९,७१३.२५ | १५,५५,११,८७४.९० | १५,५५,११,८७४.९० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १५,५०,३१,१२१.२० | १५,५०,३१,१२१.२० | १६,३३,९३,३५३.३५ | १६,३३,९३,३५३.३५ |
| **बैंक तथा नगद बाकी** | | **१५,३९,८७,४८१.१०** | **१५,३९,८७,४८१.१०** | **१२,२७,६९,७०९.९५** | **१२,२७,६९,७०९.९५** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

३ **वित्तीय विवरणको विश्लेषण** - गाउँपालिकाको वित्तीय विवरणको विश्लेषण देहाय बमोजिम रहेको छ ।

- गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा गाउँपालिकाको जम्मा प्राप्ति रू.५२ करोड ६६ लाख २३ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५मा जम्मा प्राप्ति रू.४६ करोड ९ लाख ७५ हजार रहेको देखिन्छ । वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रू. ६ करोड ५६ लाख ४८ हजार बढी रहेको देखिन्छ ।

- वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा गाउँपालिकाको जम्मा भुक्तानी रू.५३ करोड ३९ लाख ४२ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा जम्मा भुक्तानी रू.५१ करोड २८ लाख ५० हजार रहेको देखिन्छ । गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रू.२ करोड १० लाख ९२ हजार बढी रहेको देखिन्छ ।
- वित्तीय विवरण म.ले.प.फा.नं. २७२ को अनुसूची-२४ मा वर्षान्तको अन्त्यमा बैंक मौज्दात रू.११ करोड ४० लाख ७ हजार रहेको देखिन्छ भने श्रेष्ता अनुसार बाँकी रू.१५ करोड ३९ लाख ८७ हजार रहेको देखिन्छ ।
- गाउँपालिकालेपेशगरेको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा कुल बजेट रू.५३ करोड ३९ लाख ४२ हजाररहेको देखिन्छ भने CGASको तर्फको बजेट समावेश भएको छैन ।

उपरोक्त विवरण अनुसार गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा प्रासि भुक्तानी तथा बैंक मौज्दातमा समेत हिसाब फरक रहेको देखिन्छ । गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा CGAS तर्फको आम्दानी र खर्च समावेश रहेको देखिदैन । त्यसैले वित्तीय विवरण र वित्तीय प्रतिवेदनमा भएको फरक हिसाब आउनुको कारण त्यसको असर बारे गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बैंक हिसाब मिलान विवरण** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| **विभिन्न खातामा** | १५३९८७४८१.१० | ११४००७१०९.६१ | ३९९८०३७१.४९ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको श्रेष्ता अनुसार बाँकी रू.१५३९८७४८१.१० र बैंक स्टेटमेण्ट अनुसार रू.११४००७१०९.६१ बाँकी रहेको देखियो । उक्त विवरण अनुसार गाउँपालिकाको श्रेस्तामा भन्दा बैंकमा रू.३९९८०३७१.४९ कम देखियो । विगत वर्ष देखि नै म.ले.प. फा.नं. २७२ को जोड जम्मा विग्रदै आएकोले हिसाब फरक देखिएको गाउँपालिकाको भनाई रहेको छ । आगामी वर्षको बजेटमा हिसाब मिलान गरी यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली** - गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम छन् -

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।

- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको ।
- अनुदान वितरण प्रभावकारी भए नभएको सम्बन्धमा गाउँपालिकाबाट नियमित अनुगमन नभएको
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समितिद्वारा हेभी ईक्युपमेन्टको प्रयोग भएको ।
- गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।
- प्रतिस्पर्धात्मक खरिद प्रकृया अनुसारगुणस्तरीय औषधी तथा उपकरण खरिदमा गाउँपालिकाले ध्यान नदिएको ।
- भवन संहिताको पालना एवं कार्यान्वयन नगरेको ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९ असार २७ गते रू. ६५ करोड ६५ लाख ५८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९ असार २७ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०३/३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट विनियोजन** -आर्थिक वर्ष २०७९।८० को गाउँपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

**(रू. हजारमा)**

| **कुल बजेट रू.** | **चालु बजेट रू.** | **प्रतिशत** | **पूँजीगत बजेट रू.** | **प्रतिशत** |
|---|---|---|---|---|
| ६५,३८,५८ | ४२,१९,८० | ६४ | २३,१८,७८ | ३६ |

उक्त विवरण अनुसार गाउँपालिकाको यस आर्थिक वर्षमा कुल रू. ६५ करोड ३८ लाख ५८ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ६४ प्रतिशत र पूँजीगत तर्फ ३६ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ ।

८ **बजेट तथा पूँजीगत खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

(रू. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | बजेट रू. | पूँजीगत खर्च रू. | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७९।८० | २३,१८,७८ | १६,५२,०८ | ७१ |

गाउँपालिकाले यस वर्ष पूँजीगत तर्फ रू.२३ करोड १८ लाख ७८ हजार बजेट विनियोजन गरेकोमा रू.१६ करोड ५२ लाख ८ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७१ प्रतिशत हुन आउँछ ।

९ **बजेट तथा चालु खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ । (रू. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | बजेट रू. | चालु खर्च रू. | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७९/८० | ४२,१९,८० | ३४,७६,४१ | ८२ |

गाउँपालिकाले यस वर्ष चालु तर्फ रू.४२ करोड १९ लाख ८० हजार विनियोजन गरेकोमा रू.३४ करोड ७६ लाख ४१ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८२ प्रतिशत हुन आउँछ ।

१० **मौज्दात रकम** - गाउँपालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रू.५१,२८,५०,२७४.१९ खर्च गरेको छ भने गाउँपालिकाको बैंक खातामा रू.१०,०७,६६,०२५.३३ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले गाउँपालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११ **अबण्डा बजेट** - गाउँपालिकाले यस वर्ष विभिन्न शीर्षकमा रू.३ करोड १४ लाख ६५ हजार बजेट अबण्डा राखी कार्यपालिका र अध्यक्षको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अवण्डा राखी गाउँसभाबाट स्वीकृत नभएका योजनहरूमा कार्यपालिका तथा अध्यक्षको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहाय बमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ । ( रू. हजारमा )

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्ति रू. | खर्च रू. | बाँकी रू. |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त अनुदान | २८८५५४ | २६३२६० | २५२९४ |
| **प्रदेश सरकार** | शसर्त अनुदान | २५६६० | २२२०६ | ३४५४ |
| | विशेष अनुदान | ७००० | ४३४२ | २६५८ |
| | समपुरक अनुदान | २६१६७ | १२९१२ | १३२५५ |
| **जम्मा** | | **३४७३८१** | **३०२७२०** | **४४६६१** |

उपरोक्त विवरण अनुसार संघीय सरकारबाट रू.२८ करोड ८५ लाख ५४ हजार शसर्त अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू. २६ करोड ३२ लाख ६० खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रू. २ करोड ५२ लाख ९४ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रू. ५ करोड ८८ लाख २७ हजार शसर्त, विशेष र समपुरक अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा ३ करोड ९४ लाख ६० हजार बजेट खर्च भइ बाँकी रू. १ करोड ९३ लाख ६७ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

१३ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रू.हजारमा)** | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| १ | संघीय पूँजीगत | ११७७१ | १६ | ७८६० | ३८९४ | २९५७ |
| २ | प्रदेश पूँजीगत | ३३६६० | १७७ | ७५१६ | २५९६५ | १४२३१ |
| ३ | गाउँपालिका पूँजीगत | ११९७७७ | ७३३८ | २७८४९ | ८४५८८ | ५२७६५ |
| **कूल खर्च** | | **१६५२०८** | **७५३१** | **४३२२५** | **११४४४७** | **६९९५३** |
| **खर्च प्रतिशत** | | **१००** | **४.५** | **२६.१६** | **६९.२७** | **४२.३४** |

उल्लेखित विवरण अनुसार तेस्रो चौमासिक पूँजीगत खर्चको ६९.२७ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र ४२.३४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी तेस्रो चौमासिक र असार महिनामा बढी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(रू. हजारमा)**

| **मुख्य क्षेत्र** | **वार्षिक पूँजीगत बजेट रू.** | **खर्च रकम रू.** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | २३,१८,७८ | ५,७६,९५ | २४ |
| संचार तथा सूचना प्रविधि | | १५,७५ | ०.६ |
| खानेपानी तथा सरसफाई | | २,२३,८२ | ९.६ |
| भवन निर्माण | | २,२३,५० | १० |
| सम्पदा पूर्वाधार | | ९३,२१ | ४ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले पूँजीगत बजेट रू. २३ करोड १८ लाख ७८ हजार लेखेकोमा सडक निर्माण तथा मर्मतमा २४ प्रतिशत, संचार तथा सूचना प्रविधिमा ०.६ प्रतिशत, खानेपानी तथा सरसफाईमा ९.६ प्रतिशत, भवन निर्माणमा १० प्रतिशत र सम्पदा पूर्वाधारमा ४ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

१५ **सडक निर्माण** - गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क.स** | **योजनाकोनाम** | **ईकाई** | **२०७८/७९ सम्मको स्थिति** | **२०७९।८० मा थप** |
|---|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | ० | ० |
| २. | ग्रावेल | घन मि. | ० | ४२१० |
| ३. | नयाँट्र्याक | कि.मि. | २३५ | २१ |

गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ सम्म २३५ किलोमिटर नयाँ ट्र्याक ओपन गरेको देखिन्छ भने २०७९।८० मा ४२१० घनमिटर ग्रावेल र २१ किलोमिटर नयाँ ट्र्याक ओपन गरेको देखिन्छ । विनियोजित बजेट र खर्चको अवस्था अनुसार बाटो निर्माणको कार्य उपलब्धिमुलक भएको देखिएन ।

१६ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरूको विवरण देहाय बमोजिम रहेको छ ।

**(रू. हजारमा)**

| **क.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रू.१ लाखभन्दा कमको योजना | १३ | ६९५ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | २१८ | ३९८२५ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ६६ | ३००५० |
| ४ | रू.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ४१ | ३५७५५ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १३ | २१५७६ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ९ | ५६८३६ |
| **जम्मा** | | **३६०** | **१८४७३७** |

गाउँपालिकाले बजेट विनियोजन गर्दा ठुलार प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **ठेक्का बन्दोवस्त** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

(रू. हजारमा)

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | १३ | ८६३८२ | ० | ० | ८ | ५६६९१ | ५ | २९६९० | १३ | ८६३८२ |

उल्लेखित विवरण अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न कार्यको लागि रू.८ करोड ६३ लाख ८२ हजार लागतको १३ वटा ठेक्का बन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रू. ५ करोड ६६ लाख ९१ हजार मा ८ ठेक्का र तेश्रो चौमासिकमा रू. २ करोड ९६ लाख ९० हजार को ५ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा सबै ठेक्का सम्पन्न भएको देखिन्छ ।

१८ **ठेक्का प्रतिस्पर्धा** - गाउँपालिकामा यस आर्थिक वर्षमा भएका ठेक्काहरूको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान रू. | सम्मौता रकम रू. | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जागृति मा.वि. बाजे रूम्टी ढल उत्तिसघारी सडक निर्माण | १० | ५१२३८७०.४९ | २८०३४६१.२१ | ४५.३ |
| २ | Supply and delivery of 4WD Double Cab Pickup for Chaunrideurali Rural Gaupalika | ७ | ३१०५००० | ३१०५००० | ०.०० |
| ३ | काफ्ले खेलमैदान निर्माण | ७ | १४७७३६३८.२१ | ८८५८१९०.७३ | ४०.०५ |
| ४ | ढाँखर्क भञ्याङ धुसेनी हुँदै माझिफेदा सडक निर्माण स्तरोन्नति र कालोपत्रे | ७ | १६७६६७२३.८२ | ११८०६२५१.१२ | ३० |
| ५ | जिरोकिलो सुलिकोट मादन कुँडारी सडक स्तरोन्नति र कालोपत्रे | ८ | १००६३८९२.८१ | १००६३८९२.८१ | ०.०० |
| ६ | ढाँखर्क भञ्याङ धुसेनी हुँदै माझिफेदा सडक निर्माण | ६ | ४०५३५६४.७० | ४०२७३१६.६८ | ०.९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्तरोन्नति र कालोपत्रे from chainage 1+140 | | | | |
| ७ | ढोकेडाँडा खा.पा. पाइपलाइन निर्माण र वितरण लगायत संरचना निर्माण | ५ | ७१३६०३२.८७ | ५२२८४०३.०७ | २६ |
| ८ | काफ्ले खेलमैदान प्याकेज २ | ४ | २८०५२९२ | २३४८१९४ | १६.२९ |
| ९ | वडा नं. १ वडा कार्यालय भवन निर्माण | ५ | ७४९४५५५.३३ | ६०७३२१९.०८ | १८.९६ |
| १० | वडा नं. २ वडा कार्यालय भवन निर्माण | ५ | ७४९४५५५.३३ | ५७१९९८७.६३ | २३.६७ |
| ११ | Supply and delivery of veterinary medicines and surgical | ६ | १४५४२५० | ६३४७९० | ५६.३४ |
| १२ | Fabrication of steel parts and transportation up to road head of Bhute Dhunga (Majhifeda) Truss bridge and Gair Bagar Trail bridge | ५ | ३४४५०२५.६३ | ३१४९०९२.८६ | ८.५९ |
| १३ | भालुखोला नाग्रे लिफ्टिङ आयोजना | ४ | १००९८११५.७४ | ७७३२९४४.६२ | २३.४२ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी Supply and delivery of veterinary medicines and surgical मालागत अनुमानको तुलनामा ५६.३४ प्रतिशत घटीमा सम्झौता भएको छ, भने Supply and delivery of 4WD Double Cab Pickup for Chaunrideurali Rural Gaupalika र जिरोकिलो सुलिकोट मादन कुँडारी सडक स्तरोन्नती र कालोपत्रे कार्यमा लागत अनुमान बराबर मै ठेक्का सम्झौता भएको छ ।

१९ **निर्माण कार्य व्यवस्थापन** - गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाको विवरण देहाय बमोजिम रहेको छ ।

**(रू. हजारमा)**

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ३६० | १३ | ७,८८,८७ | ३४७ | १५२९९१ |

यस आर्थिक वर्षमा गाउँपालिकाले सञ्चालन गरेका कुल ३६० योजनामध्ये ठेक्का मार्फत १३ वटा योजनामा रू.७ करोड ८८ लाख ८७ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित ३४७ योजनामा रू.१५ करोड २९ लाख ९१ हजार खर्च गरेको छ । अर्थात ३६० योजनामा भएको खर्च मध्ये ३४ प्रतिशत ठेक्का प्रक्रिया र ६६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । गाउँपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको

क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरूको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२० **भ्यू टावर संचालन** - गाउँपालिकाबाट प्राप्त विवरण अनुसार गाउँपालिकाले गत विगत वर्षमा चौंरीदेउराली गाउँपालिका वडा नं. ०५ भालचौर स्थानमा देहाय बमोजिमका भ्यू टावर निर्माण गरी संचालनमा ल्याएकोमा उक्त टावर संचालनबाट आर्थिक वर्ष २०७९/८० मा प्राप्त भएको राजस्व देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **भ्यू टावरको नाम र स्थान** | **भ्यू टावर संचालन मिति** | **भ्यू टावर निर्माणमा भएको खर्च रू.** | **भ्यू टावर चढ्ने/भ्रमण गर्ने व्यक्तिको संख्या** | **भ्यू टावर संचालनबाट प्राप्त राजस्व रू.** |
|---|---|---|---|---|---|
| १. | काजीको थुम्का भ्यू टावर र चौंरीदेउराली गाउँपालिका वडा नं. ०५ भालचौर | – | ४६०१४३१।६९ | विवरण नरहेको | राजश्व प्राप्त नभएको |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले गत विगत वर्षमा रू. ४६ लाख १ हजार ४३१।६९ खर्च गरी एक वटा भ्यू टावर निर्माण गरेकोमा आन्तरिक आयस्रोतको रूपमा प्रयोगमा ल्याउन नसकि राजस्व संकलन गर्न नसकेको देखिन्छ । जस अनुसार निर्माण भएका भ्यू टावर घुम्न जाने व्यक्तिहरूको संख्या उल्लेख्य नभएको तथा टावरले गाउँपालिकाको राजस्व संकलनमा समेत उल्लेख्य योगदान दिएको देखिएन । त्यसैले यस्ता संरचना निर्माण गर्नुपूर्व सम्भाव्यता अध्ययन, संचालनको दिगोपना एवं त्यसको औचित्य समेत स्थापित हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

२१ **परामर्श सेवा खरिद** - गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रू.८०,१४,००९ भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **कामको विवरण** | **परार्मशदाताको नाम** | **लागत अनुमान रू.** | **सम्झौता रकम रू.** | **घटी प्रतिशत** | **खरिद विधि** |
|---|---|---|---|---|---|---|
| १. | बिभिन्न सेवा परामर्श, अनुसन्धान, डि. पि. आर. | गणक कन्सल्टेन्सीप्रा.लि. | १९९९४९० | १८८५००३ | ६ | सोझै खरिद |
| २. | धुसेनी शिवालय प्राथमिक अस्पताल १५ शैया | टेलिट्रोनिक्स इनोभेसन प्रा लि | १८९९७३० | १८१६४७५ | ४.५ | |
| ३. | गाउँपालिका प्रशासनिक भवन डिपिआर | सक्षण ईन्जिनियरिङ सोलुसन्स प्रा.लि. | ९९९५४० | ९७२५९० | ३.२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | व्यावसायिक कृषि तथा पशुपालन बृहत परियोजना डिपिआर | निलकण्ठ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४९८३२० | ४९४४८८ | १ | |
| ५. | IEE प्रतिवेदन तयारी | अप्लाईड इन्जिनियरिङ्ग प्रा.लि. | ४९८५९० | ४९५५०५ | १.२ | |
| ६. | गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि IEE | ई.आर.एम.एस सर्भिसेस् | ३९९४८० | ३९६०६५ | १ | |
| ७. | भञ्याङ भ्यूटावर पालेबन ढोकेडाँडा सारेपोखरी पाथीभरा पर्यटन क्षेत्र विकास अध्ययन | निलकण्ठ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ९९८७०० | ९६५१३३ | ४.३ | |
| ८. | गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि Soil Exploration | सक्षण ईन्जिनियरिङ सोलुसन्स प्रा.लि. | ४९८५५० | ४९४९४० | १ | |
| ९. | बिभिन्न सार्वजनिक सुनुवाई, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया आदी | डेल्कन इन्टरनेसनल प्रा.लि. | ४९९५४० | ४९३८१० | १.२ | |
| **जम्मा** | | | ८२९१९४० | ८०१४००९ | ४.५ | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष धुसेनी शिवालय प्राथमिक अस्पताल १५ शैया लगायतका कार्यको लागि सोझैं विधिबाट ९ वटा सेवा खरिदका लागि जम्मा रू. ८२ लाख ९२ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रू. ८० लाख १४ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा ४.५ प्रतिशत कममा खरिद सम्झौता भएको देखिन्छ । गाउँपालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **मन्दिर गुम्बा र चर्च निर्माण** - गाउँपालिका भित्र रहेका मन्दिर, गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

**(रू. हजारमा)**

| क्र.सं. | धार्मिक स्थलको प्रकार | आर्थिक वर्ष २०७८।७९ सम्म | २०७९।८० मा मर्मत तथा थप संख्या | गाउँपालिकाको अनुदान रकम |
|---|---|---|---|---|
| १. | मन्दिर | ५२ | १४ | ३००० |
| २. | गुम्बा | १६ | ७ | २७०० |
| ३. | चर्च | ४ | ० | ० |
| **जम्मा** | | **७२** | **२१** | **५७००** |

उपरोक्त विवरण अनुसार गाउँपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म मन्दिर ६६, गुम्बा २३ र चर्च ४ गरी जम्मा ९३ वटा रहेका छन् भने यस वर्ष मन्दिर र गुम्बालाई जम्मा रू.५७ लाख अनुदान दिएको देखिन्छ ।

२३ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारबाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ३ | १७ | २० | १६ | ४ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा गाउँपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ६ |
| २. | नियमावली | ४ |
| ३. | कार्यविधि तथा निर्देशिका | २९ |
| **जम्मा** | | **३९** |

गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० सम्म ६ ऐन,४ नियमावली र २९ कार्यविधि तथा निर्देशिका गरी जम्मा ३९ वटा कानुन निर्माण गरेको छ ।

२५ **सेवाप्रवाहको स्थिति** - गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा ११९४ जनालाई देहाय बमोजिम पञ्जीकरण सेवा प्रदान गरेको छ ।

| **पञ्जीकरण सेवाका विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | ६१९ |
| मृत्यू दर्ता | १५९ |
| बसाईसराई | ३९ |
| विवाह दर्ता | ३५६ |
| सम्बन्ध विच्छेद | २१ |
| **जम्मा** | **११९४** |

गाउँपालिकाले यस आर्थिक वर्षमा जन्म दर्ता ६१९, मृत्यू दर्ता १५९, बसाईसराई ३९, विवाह दर्ता ३५६ र सम्बन्ध विच्छेद २१ गरी जम्मा ११९४ पञ्जीकरण सेवा प्रवाह गरेको देखिन्छ ।

२६ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन** - गाउँपालिकाले सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन गाउँपालिकामा प्राप्त भएको छ ।

| **क्र.स.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १. | भूमिहिन दलित | ६ |
| २. | भूमिहिन सुकुम्बासी | ३ |
| ३. | अव्यवस्थित बसोबासी | ७ |
| **जम्मा** | | **१६** |

२७ **दरबन्दी र पदपूर्ती** - गाउँपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् ।

| **क्र.स.** | **स्वीकृत पद** | **सख्या** | **पदपूर्ती** | | **पदपूर्ती बाँकी** |
|---|---|---|---|---|---|
| | | | **स्थायी** | **करार** | |
| १ | आठौं/नवौं तह | १ | १ | ० | ० |
| २ | सातौ तह | ७ | १ | ० | ६ |
| ३ | छैठौं तह | ९ | ९ | ० | ० |
| ४ | पाँचौं तह | ४२ | ३० | ३ | १२ |
| ५ | चौथौ तह | ३२ | १५ | १२ | १२ |
| ६ | ह.स.चा | २ | २ | २ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | एम्बुलेन्स चालक | ४ | ० | ४ | ० |
| ८ | कार्यालय सहयोगी (वडा कार्यालय र स्वास्थ्य चौकी समेत) | ३० | १ | २९ | ० |
| **जम्मा** | | **१२७** | **५७** | **५०** | **३०** |

२८ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी गाउँपालिका तथा स्वास्थ्यका स्थायी कर्मचारीलाई रू.४ करोड ८५ लाख ६६ हजार तलब भुक्तानी गरेको छ, भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२९ **रिक्त पदको सूचना** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४६ जना रहेकोमा २४ जना स्थायी,१ जना करारमा कार्यरत रही २२ पदहरू रिक्त रहेका छन् । गाउँपालिकाले गत विगत वर्षहरू देखि नै रिक्त पद पूर्तीका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिने गरेको भएता पनि रिक्त पदहरूको नियमानुसार पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३० **कर संकलन** -स्थानीय सरकार संचालन ऐन**,** २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । गाउँपालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | ६०,००,००० | ८५,३८,६७४ | १४२.३१ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष अनुमानको तुलनामा १४२.३१ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ ।

३१ **खर्च र आन्तरिक आयको विश्लेषण** - गाउँपालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **गाउँपालिकाको जम्मा खर्च रू.** | **आन्तरिक आय रू.** | **खर्च र आन्तरिक आयको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | ५१,२८,५०,२७४ | ८५,३८,६७४ | १.६६ |

गाउँपालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रू. ५१,२८,५०,२७४ रहेको छ, भने राजश्व संकलन रू.८५,३८,६७४ गरेको छ । गाउँपालिकाको कुल खर्च आन्तरिक आयको १.६६ प्रतिशत हुन आउँछ । अतः गाउँपालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३२ **करको दायरा -** आर्थिक ऐन, २०७९ मा सम्पती कर घरजग्गा कर लगाइने र करदातालाई करको दायरामा ल्याउने व्यवस्था गरेको छ । सम्पत्ति कर र व्यावसाय कर तिर्ने करदाताको विवरण देहाय बमोजिम रहेको छ ।

| **करको नाम** | **जम्मा करदाता** | **कर तिर्ने करदाता** | **कर तिर्ने करदाताको प्रतिशत** | **करको दायरामा नआएका करदाता** | **कर नतिर्ने करदाताको प्रतिशत** |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ३८१५ | ४०० | १०.४ | ३४१५ | ८९.६ |
| व्यवसाय कर | ५१२ | ३२० | ६२ | १९२ | ३८ |

उपरोक्त विवरण अनुसार गाउँपालिकामा यस आर्थिक वर्षमा व्यवसाय कर तर्फ ३८ प्रतिशत करदाता र सम्पत्ति कर तर्फ ८९.६ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः गाउँपालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी गाउँपालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३३ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण -** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर चौंरीदेउराली गाउँपालिका सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

३४ **सहकारी संस्थाको विवरण -** गाउँपालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| जम्मा सहकारी संस्थाको संख्या | जम्मा सदस्य संख्या | जम्मा शेयर पूँजी | सक्रिय सहकारीको संख्या | निष्कृय सहकारी संस्थाको संख्या |
|---|---|---|---|---|
| ६९ | ७६८१ | १०७६६४६०० | ३६ | ३३ |

उपरोक्त विवरण अनुसार गाउँपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म सञ्चालनमा आएका जम्मा ६९ वटा सहकारी संस्थामा ७६८१ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरूको शेयर पूँजी रू. १० करोड ७६ लाख ६४ हजार रहेको छ । ६९ वटा सहकारी संस्था मध्ये ३३ वटा सहकारी संस्था निष्कृय रहेकोले निष्कृय सहकारीमा रहेको वचत तथा ऋण रकमको सुरक्षामा समेत गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

३५ **सहकारी संस्थाको अनुगमन -** गाउँपालिकामा संस्थागत रूपमा सहकारी शाखाको व्यवस्था भएता पनि गाउँपालिका सहकारी ऐन, २०७५ को दफा ७३ मा तोकिए बमोजिम सहकारी संस्थाहरूको अनुगमन गरेको छैन । गाउँपालिकाले सहकारी सदस्यहरूको हित, वचत रकमको सुरक्षा साथै लगानीमा हुन सक्ने दुरूपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरूको नियमित र सघन अनुगमन गर्ने, अनुगमन प्रतिवेदन उपर गाउँपालिकामा छलफल गर्ने र अनुगमन प्रतिवेदन उपर कारवाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३६ **विद्यालय र विद्यार्थी संख्या -** गाउँपालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरू देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | सामुदायिक विद्यालय | ३३ | २८६१ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको जम्मा विद्यार्थी संख्या २८६१ जना रहेकोमा १०० प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

३७ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिका भित्रका ३९ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २९७ कर्मचारी बाहेक | १६८ | १२९ | ० |

उक्त विवरण अनुसार गाउँपालिकामा जम्मा २९७ दरबन्दी रहेकोमा १६८ जना स्थायी पदपूर्ती र १२९ जना राहत/करारमा नियुक्त गरी जम्मा २९७ पदपूर्ती गरेको देखिन्छ । गाउँपालिकाले विद्यालय संख्याका

आधारमा सृजना गरेका पदहरूमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३८ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -** गाउँपालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:९ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ ।

३९ **प्रति विद्यार्थी लागत -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम रू.** | **खर्च रकम रू.** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत रू.** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २१६६३२००० | २१२२१६००० | २८६१ | ७४१७५ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रू.७४,१७५ रहेको छ।

४० **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० माकेही विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| **क्र.स.** | **विद्यालयनाम** | **शिक्षक संख्या** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|
| १. | बुद्ध हिमालय मा. वि. | १७ | २०४ | १:१२ |
| २. | बालचन्द्रप्रावि विर्ता | ५ | ५४ | १:११ |
